नेपाल सरकार

## प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

# राजस्व अनुसन्धान विभाग

हरिहरभवन, ललितपुर

## सवारी साधन लिलाम बिक्रिको सिलबन्दी बोलपत्र आव्हान सम्बन्धी १५ दिने सूचना

### सूचना नं. – २

### प्रकाशित मिति : २०८०/०४/०५

यस विभागबाट विभिन्न मितिमा कब्जामा लिईएका तपसिलमा उल्लेखित सवारी साधनहरू जे जस्तो अवस्थामा छन् सोही अवस्थामा बोलपत्रको माध्यमबाट लिलाम बिक्रि गर्नुपर्ने भएकोले नियमानुसार दर्ता भएका इच्छुक फर्म तथा कम्पनी एवम व्यक्तीबाट निम्न शर्तको अधिनमा रही राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) नियमावली, २०७० को नियम २६ बमोजिम सिलवन्दी लिलाम गर्न यो सूचना प्रकाशित गरिएको छ ।

<u>शर्तहरू –</u>

१. बोलपत्र सम्वन्धी कागजातहरू खरिद गर्न निवेदन साथ व्यक्ति भए नागरिकताको प्रमाणित प्रतिलिपी र फर्म वा कम्पनी भए नेपाल सरकारको सम्वन्धित निकायमा दर्ता भएको प्रमाणपत्र, मू.अ.करमा दर्ता भएको दर्ता प्रमाणपत्र, गत आ.व. सम्मको कर चुक्ता प्रमाणको प्रमाणित प्रतिलिपि सहित रु.१,००,०००।– (एक लाख) सम्मको रु.३००।–, १ लाख भन्दा माथि १० लाख सम्म रु.१,०००।–, तथा १०,००,०००।– (दश लाख) भन्दा माथिका लागि रु.२,०००।– फिर्ता नहुने गरी विभागको आर्थिक प्रशासन शाखाबाट रकम वुझाएको रसिद संलग्न गरी भण्डारफाँट बाट यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) औं दिनभित्र कार्यालय समयमा खरिद गर्न सकिने छ । अन्तशुल्क लाग्ने पदार्थको हकमा अन्तःशुल्क दर्ता प्रमाण पत्रको प्रतिलिपि समेत पेश गर्नु पर्नेछ ।

२. आफुले कवोल गरेको बोलपत्र सम्वन्धी कागजातहरू कम्पनी तथा साझेदारी फर्म भए आधिकारिक प्रतिनिधि र अन्यको हकमा प्रोप्राइटर आफैले वा निजको अख्तियारी दिएको आधिकारिक व्यक्तिले सहिछाप गरी सिलवन्दी खाम बाहिर श्री महानिर्देशक, राजस्व अनुसन्धान विभाग, हरिहरभवन र माथिपट्टी सूचना नं., सि. नं. उल्लेख गरी यो सूचना प्रकाशित भएको मितिले १६ (सोह्र) औं दिन दिनको १२.०० बजे भित्र यस विभागमा दर्ता गरी सक्नु पर्नेछ । तोकिएको दिन र समयभित्र दर्ता हुन आएका सवै बोलपत्रहरू सोही दिन दिनको २.०० बजेदेखि कार्यालय प्रतिनिधि र उपस्थित हुन आएका बोलपत्रदाता आफै वा आधिकारिक प्रतिनिधिहरूको रोहवरमा यस विभागमा क्रमशः खोलिनेछ । बोलपत्रदाताको प्रतिनिधिको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न वाधा पर्ने छैन ।

३. प्रत्येक सि.नं. को छुट्टाछुटै दरभाउपत्र/बोलपत्र पेश गर्नुपर्ने छ ।

४. आफुले कवोल गरेको रकमको १० (दश) प्रतिशतले हुन आउने धरौटी वापतको रकम यस विभागको नेपाल बैंक लिमिटेड, गावहाल, ललितपुरमा रहेको धरौटी खाता नं. क२.३ धरौटी ०१८०१०००००२००३०००००१ मा कार्यालय कोड नं. ३०१०५३४०१ उल्लेख गरी जम्मा गरेको सक्कल भौचर नै बोलपत्र साथ संलग्न गरी पेश गर्नु पर्नेछ । प्रत्येक बोलपत्रको लागि छुट्टाछुट्टै भौचर पेश गर्नु पर्नेछ ।

५. आफुले कवोल गरेको मूल्य अंक र अक्षर दुवैमा अनिवार्य रुपमा स्पष्ट उल्लेख हुनुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ ।

६. बोलपत्र स्वीकृत भएको मितिले ७ (सात) दिन भित्र मू.अ.कर समेत नियमानुसार लाग्ने सबै रकम बुझाई सवारी साधनहरु उठाई सक्नु पर्नेछ ।

७. सवारी साधनहरुको भौतिक अवस्था हेर्न चाहेमा यो सूचना प्रकाशित भएको मितिबाट कार्यालय समयभित्र हेर्न सकिनेछ । बोलपत्र सम्वन्धी कागजात खरिद गर्नेहरूले मात्र सवारी साधनहरु हेर्न सक्नेछन् ।

८. बोलपत्र सम्वन्धी कागजातहरु खरिद गर्ने, तथा दाखिला गर्ने दिन सार्वजनिक विदा पर्न गएमा उक्त कार्यहरु क्रमशः सोको भोलिपल्ट सोही समयमा हुनेछ ।

९. यस सम्वन्धी अन्य कुराहरू बुझ्न चाहेमा यस विभागमा आई बुझ्न सकिने छ ।

क्रमशः

क्रमशः

१०. यस सम्वन्धी अन्य कुराहरू प्रचलित ऐन नियमानुसार हुनेछ ।

११. यस विभागको धरौटी खातामा रकम जम्मा गर्ने तर बोलपत्रसाथ धरौटी रसिद पेश नगर्ने तथा बोलपत्र नै पेश नगरी धरौटी माग गर्न आउने फर्महरुको धरौटी रकम फिर्ता गर्न विभाग बाध्य हुने छैन ।

१२. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने अन्तिम अधिकार यस विभागमा सुरक्षित रहनेछ ।

<u>तपसिल</u>

## १५ दिने सूचना (प्रकाशित मिति २०८०/०४/०५)

| सि. नं. | सवारी साधनको बिवरण | न्युनतम मुल्य (मू.अ.कर बाहेकको) रू. | कैफियत |
|---|---|---|---|
| १. | ईन्जिन नं. – 4SPCR10CPY610178<br>चेसिस नं. – MAT4644602KSR02863<br>उत्पादन बर्ष - 2019<br>सवारी साधनको क्षमता – २९५६ सि.सि.<br>सवारी साधनको मोडेल – XENON YODHA<br>सवारी साधनको किसिम – पिकअप<br>सवारी साधनको रंग – सेतो<br>सवारी साधनको दर्ता नं. – ना ५ च ३०६० | ९,३१,५००।- (नौ लाख एकतिस हजार पांच सय मात्र) | नियमानुसार दर्ता हुने। |
| २. | ईन्जिन नं. – 497TC41HYX624316<br>चेसिस नं. – MAT554001M6R14734<br>उत्पादन बर्ष - 2021<br>सवारी साधनको क्षमता – ३७८३ सि.सि.<br>सवारी साधनको मोडेल - LPT1512/42CRX<br>सवारी साधनको किसिम – ट्रक<br>सवारी साधनको रंग – रातो<br>सवारी साधनको दर्ता नं. – प्र.२-०४-००१ख-००५३ | १५,२३,०८८।– (पन्ध्र लाख तेइस हजार अठासी मात्र) | नियमानुसार दर्ता हुने। |